## पृष्ठभूमि

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति मानवअधिकारसँग आबद्ध संस्थाहरूको संयोजनमा बनेको समिति हो। यसको स्थापना नेपालले अनुमोदन गरेको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको स्थितिको मूल्याङ्कन गर्नको लागि भएको हो।

हाल, यसमा मानवअधिकारको क्षेत्रमा कार्यरत ६३ वटा सदस्य संस्थाहरू त्यसमा आबद्ध छन्। (हेर्नुहोस् अनुसूची) यी संस्थाहरू नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, महिला अधिकार, बालबालिकाको अधिकार, जातीय छुवाछूत विरुद्धको अधिकार, यातना विरुद्धको अधिकार, प्रवासी कामदारहरूको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा तथा मानवअधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत छन्।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थापना सन् २००३ मा भएको हो। यसको स्थापनाको मुख्य उद्देश्य नेपालमा रहेका मानवअधिकार गैरसरकारी संस्थाहरूको निम्ति बलियो मानवअधिकार मञ्च तथा सञ्जाल निर्माण गरी अन्तर्राष्ट्रिय मानवअधिकारको दायित्व निर्वाह गर्न राज्यलाई जवाफदेही बनाउने रहेको छ। साथै मानवअधिकारको क्षेत्रमा सामूहिक सम्बोधन गर्ने लक्ष्य राखेको छ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले मानवअधिकारसँग आबद्ध नेपाली गैरसरकारी संस्थाको सञ्जालको माध्यमबाट मानवअधिकार सन्धिको अनुगमन गर्नुमा निहित रही अनुगमन गर्ने कार्यको समन्वय गर्दछ। यसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सन्धिप्रति राष्ट्रको दायित्वको स्थिति राष्ट्रभित्र र अन्तर्राष्ट्रिय जगत्मा कस्तो छ त्यससम्बन्धी वैकल्पिक प्रतिवेदनका साथसाथै अरु प्रकाशनको माध्यमबाट सूचनाको प्रचार-प्रसार गर्ने कार्य गर्दछ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति मानवअधिकारको संरक्षण र उत्थानको लागि आन्तरिक वकालतमा पनि क्रियाशील छ। मानवअधिकारसम्बन्धी कानुनको आधिकारिक र विश्वासनीय विवरण प्रचार-प्रसार गर्दछ र सन्धिजनित निकायहरूको निष्कर्षतर्फ सुझावको प्रचार-प्रसार गर्ने कार्यमा पनि क्रियाशील छ। यस संस्थाले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूको अनुमोदन, स्थानीयकरण र कार्यान्वयनको निम्ति अभियान पनि सञ्चालन गर्दछ।

## लक्ष्य

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति लोकतान्त्रिक सञ्जालको रूपमा नेपालको मानवअधिकारसँग आबद्ध सम्पूर्ण संस्थासँग काम गर्न, नागरिक समाज र राज्यको सामूहिक सहयोगमा मानवअधिकारको संरक्षण र यसको उन्नतिको निमित्त कार्य गर्न निर्देशित छ।

## अभियान

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, मानवअधिकारसँग आबद्ध नेपाली गैरसरकारी संस्थाको एक संयुक्त मञ्च हो। राज्यको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गराउन मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले सयुक्तरूपले पहल गर्दछ। यो कार्य मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले वैकल्पिक प्रतिवेदन, तथ्यको खोजी, महासन्धिको अनुमोदन र कार्यान्वयन अभियानको माध्यमबाट गर्दछ।

## लक्ष्य र उद्देश्य

- संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सन्धि समितिको निम्ति वैकल्पिक प्रतिवेदन (छायाँ प्रतिवेदन) तयार गर्ने।
- संयुक्त मञ्चको रूपमा सम्पूर्ण मुख्य मानवअधिकारसँग आबद्ध नेपालको गैरसरकारी संस्थासँग कार्य गर्न, मानवअधिकारको अनुगमनलाई समन्वय गर्न र मानवअधिकारसँग सम्बन्धित सूचनाको राष्ट्रभरि र अन्तर्राष्ट्रिय जगतमा प्रचार-प्रसार गर्ने।
- नेपालको मानवअधिकार स्थितिसम्बन्धी आधिकारिक र भरपर्दो प्रतिवेदन तयार गर्ने र प्रचार-प्रसार गर्ने।
- संयुक्त राष्ट्रसङ्घ समितिले पठाएको निष्कर्ष टिप्पणी कार्यान्वयन गर्ने र प्रतिवेदन लेख्ने दायित्व पूरा गर्नका निम्ति सरकारलाई दबाब सिर्जना गर्न नागरिक समाज संस्थाहरूको संलग्नता गराउने।

## कार्यनीति, दृष्टिकोण र पहुँच

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका कार्यनीति दृष्टिकोण निम्नलिखित हुन्:

### सञ्जाल निर्माण

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सञ्जाल निर्माण कार्यनीतिको प्रमुख कामको रूपमा रहेको छ। सञ्जालको रूपमा काम गर्दा एकैखालको कार्यको पुनरावृत्ति हुनबाट जोगिनुका साथै सत्य कुराको स्थापनाका लागि एउटै आवाज मुखरित हुन्छ। मानवअधिकार सन्धि अनुगमन समन्वय आफैं एक सञ्जाल भएको हुँदा यसले अरु राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालसँग पनि निकट सम्बन्ध कायम गरी कार्य गर्दछ।

### वकालत

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको कार्य स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा वकालत गर्न हो। यसको बहस पैरवी राज्यको अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गराउनको लागि केन्द्रित रहन्छ। स्थानीय र राष्ट्रिय तहको वकालतमा मात्र नभई यसले अन्तर्राष्ट्रिय स्तरमा नै बलियो संयन्त्र निर्माण गर्न सक्षम भएको छ।

### छायाँ प्रतिवेदन

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका कार्यहरू मुख्यरूपले राज्य पक्षराष्ट्र भएका मानवअधिकारसँग सम्बन्धित महासन्धिहरूको छायाँ प्रतिवेदन तयार पार्नमा केन्द्रित रहेको छ। यी प्रतिवेदनहरू यो सञ्जालको संस्थागत पहिचान पनि हो। यी प्रतिवेदनहरू राज्यको प्रतिवेदनको वैकल्पिक प्रतिवेदनको रूपमा संयुक्त राष्ट्रसङ्घको सन्धि समितिहरूमा बुझाइन्छ। छायाँ प्रतिवेदन र अन्तर्राष्ट्रिय तहमा यसबाट प्राप्त गरिएका प्रतिक्रियाहरू, सरकारमाथि दबाब सिर्जना गर्नको लागि र सरकारलाई आवश्यक आफ्नो कार्यक्षेत्रभित्र रही व्यक्तिहरूको मानवअधिकारको संरक्षण र प्रवर्धन गर्नको लागि माध्यमको रूपमा प्रयोग गरिन्छ।

### क्षमता अभिबृद्धि

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले मुख्यरूपले गैरसरकारी संस्थाको सक्रियताका लागि क्षमता अभिबृद्धिमा जोड दिन्छ। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिसँग समन्वय गर्ने संस्थाका प्रतिनिधिहरूको मानवअधिकार अनुगमनको क्षेत्रमा जस्तै तथ्य खोज्ने कुरामा, प्रतिवेदनको तयारीमा, प्रतिवेदनसम्बन्धी कुरामा र लबिङ र वकालतको क्षेत्रमा क्षमता अभिवृद्धिमा जोड दिन्छ।

## मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको संरचना

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको संरचनामा साधारणसभा, सल्लाहकार समिति, कार्यकारिणी परिषद्, सदस्य संस्था र सचिवालय पर्दछन्।

### साधारणसभा

साधारणसभा सबैभन्दा माथिल्लो तहको नीति निर्माण गर्ने निकाय हो, जसमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिका सम्पूर्ण सदस्यहरूका साथै सल्लाहकार समिति र सचिवालय रहन्छन्। साधारणसभा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको कार्य र योजनाहरूको मूल्याङ्कन गर्न र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको लागि नयाँ विचार र दृष्टिकोण निर्माण गर्नको निम्ति वर्षको एक पटक बस्दछ।

### सल्लाहकार समिति

सल्लाहकार समितिका सदस्यहरूले समाजको विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गरेका हुन्छन्, जस्तै राजनीतिक दल, सञ्चारक्षेत्र, सिमान्तीकृत समूह। सल्लाहकार समितिले पुनरावलोकन अङ्गको रूपमा कार्य गर्दछ, यसमा विशषज्ञको समूह पर्दछ, जसले प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घमा बुझाउनुपूर्व त्यसको स्तर बढाउन सहयोग पुऱ्याउँछ। आवश्यक सुझाव दिनु, संवादमा सहभागी हुनु र समितिहरूको कार्यमा प्रतिक्रिया दिनु सल्लाहकार समितिको दायित्व हुन्छ।

### कार्यकारिणी परिषद्

कार्यकारिणी परिषद्मा सचिवालय र साधारणसभाले मनोनित गरेको आठ उपसमितिको समन्वयकर्ता गरी नौ जना सदस्यहरू हुन्छन्। कार्यकारिणी परिषद्को जिम्मेवारी साधारणसभाले सिफारिस गरेको योजना र नीतिहरूको कार्यान्वयन गर्ने हो। कार्यकारिणी परिषद्ले अनिवार्यरूपमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको काम कारबाहीको निम्ति कार्यक्रमहरू तय गर्ने, नीति-निर्देशिका बनाउने कार्य गर्ने गर्दछ।

### सचिवालय

सचिवालयको दायित्व, मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सबै परियोजना, योजना र नीतिको कार्यान्वयनलाई समन्वित गर्ने हो। सन् २००३ मा मानवअधिकार सन्धि अनुगमन समन्वय समिति थालनीदेखि नै अनौपचारिक क्षेत्र सेवा केन्द्र सचिवालयको रूपमा कार्य गरिरहेको छ।

### उपसमिति

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिभित्र रहेको आठ वटा उपसमितिहरू छन्। यी उपसमितिहरूले आठ मुख्य मानवअधिकार सन्धिहरूसँग आबद्ध रही सबै सदस्य संस्थाहरूलाई सन्धि अनुगमनको लागि समन्वित गर्ने कार्य गर्दछ। समन्वयकर्ता संस्थालाई साधारणसभाबाट मनोनित गरिन्छ। यी मनोनित भएका सस्थामा आफ्नो निश्चित क्षेत्रसँगको सन्धिको मूल्याङ्कन गर्ने र कार्यान्वयन गराउने कार्यलाई समन्वय गराउने जिम्मेवारी पर्दछ।

महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने महासन्धि उपसमितिको समन्वयको कार्य महिला कानुन र विकास मञ्चले (एफडब्ल्यूएलडि)ले गरिरहेको छ। नागरिक तथा राजनीतिक अन्तर्राष्ट्रिय अधिकार सम्बन्धित महासन्धि उपसमितिको समन्वयको कार्य इन्हुरेड इन्टरनेशनले गरिरहेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अन्तर्राष्ट्रिय महासन्घि उपसमितिको समन्वयको कार्य नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले (आरआरएन)ले गरिरहेको छ। बालअधिकार महासन्घि उपसमितिको समन्वयको कार्य चाइल्ड नेपालले गरिरहेको छ भने जातीय विभेद उन्मूलनसम्बन्धी महासन्घि उपसमितिको समन्वयको कार्य दलित गैरसरकारी संस्था महासङ्घले (डिएनएफ)ले गरिरहेको छ। यातना विरुद्धको महासन्धि  उपसमिति को समन्वयको कार्य यातनापीडिन सरोकार केन्द्रले (सिभिक्ट) गरिरहेको छ। त्यसैगरी आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी महासन्धि उपसमिति को समन्वयको कार्य महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले गरिरहेको छ भने अपाङ्गता भएको व्यक्तिको अधिकारको महासन्घि उपसमितिको समन्वयको कार्य राष्ट्रिय अपाङ्ग महासङ्घले गरिरहेको छ।

### सदस्य

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति मा ६३ वटा राष्ट्रिय तहका प्रमुख मानवअधिकार संस्थाहरू छन्, जो राज्यको मानवअधिकारको संरक्षण गर्न र त्यसको उन्नतिको निम्ति सहयोग गरिरहेका छन्। अहिले मानवअधिकार सन्धि अनुगमन समन्वयका सदस्य आठ वटा उपसमितिमा बाडिएका छन्। ती उपसमितिको स्थापना आठ मुख्य मानवअधिकार सन्धिसँग आबद्ध भई काम गर्न भएको हो। सदस्यहरूमा उपसमितिलाई सहयोग पुऱ्याउने र सचिवालयमा सो योजना र नीति कार्यनवयन गर्ने दायित्व हुन्छ।




## संस्थाहरूको विवरण

### नागरिक तथा राजनीतिक अन्तर्राष्ट्रिय महासन्धि उपसमितिको समन्वयकर्ता

**इन्हुरेड इन्टरनेशनल**
पोष्ट बक्स १२६८४
ललितपुर, नेपाल
टेलिफोन ९७७-१-५५३१८९६
फ्याक्स ९७७-१-५५२००४२
इमेल inhured@ntc.net.np/ info@inhuredinternational.org
वेबसाइट www.inhuredinternational.org

सदस्यहरू

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
टेलिफोन ४२७८७७०
इमेल insec@insec.org.np

**ह्युमन राइट्स एण्ड डेमोक्रेटिक स्टडिज**
टेलिफोन/फ्याक्स ९७-१-४७८०८०९
इमेल cehurdes@mos.com.np

**मानवअधिकार सञ्जाल, नेपाल**
टेलिफोन ९७७-१-४२६४१९२
इमेल alliance.nepal@vianet.com.np

**संवैधानिक कानून व्यावसायी मञ्च**
टेलिफोन ९७७-१-४२६४१९२/ ९७७-१-४२६५८०५
इमेल clafnepal@gmail.com

**मानवअधिकार सञ्चार प्रतिष्ठान**
टेलिफोन ९७७-१-४२३१०७९
इमेल ihricon@mos.com.np

**ह्युमन राइट्स विद आउट फ्रन्टियर्स**
टेलिफोन ९७७-१-४४४२३६७
इमेल hrwfnepal@mail.com.np

**राष्ट्रिय मानवअधिकार प्रतिष्ठान**
टेलिफोन ४४६३१२७
इमेल hrufon@wlilk.com.np

**मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, नेपाल**
टेलिफोन ९७७-१-४२७८७७०
इमेल hrerlicnepal@gmail.com

**प्रिसलर्स एसिस्टेन्स नेपाल**
टेलिफोन ९७७-१-४३६४८९६
इमेल pa_nepal@yahoo.com

**ह्युमन राइट्स एण्ड पब्लिक सर्भिस सेन्टर नेपाल**
टेलिफोन ९७७-१-४३४ १७५
इमेल hurpec2001@hotmail.com

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अन्तर्राष्ट्रिय महासन्धि उपसमितिको समन्वयकर्ता

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
गैरीधारा मार्ग, गैरीधारा, काठमाडौँ
टेलिफोन ९७७-१-४००४९७६
फ्याक्स ९७७-१-४४४३४९४
इमेल rrn@rrn.org.np
वेबसाइट www.rrn.org.np

सदस्यहरू

**लुमन्ती**
टेलिफोन ९७७-१-४६७३२८८
इमेल shelter@lumanti.wlink.com.np

**शान्तिका लागि साझा अभियान**
टेलिफोन ९७७-१-४२६५१४३
इमेल info@cocap.org.np

**पब्लिक हेल्थ कन्सर्न ट्रस्ट**
टेलिफोन ९७७-१-४२२२४५०, ४२४०८०५, ४२३२३२८,
इमेल phectnepal@wlink.com.np

**फिजिसियन फर सोसियल रेसपोसिबिलिटी**
टेलिफोन ९७७-१-४२१५५९६
वेबसाइट www.psrnnepal.org

**फरेस्ट रिसोर्सेज एण्ड एक्सन टिम**
टेलिफोन ९७७-१-५५५०६३१
इमेल forestaction@wlink.com.np

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
टेलिफोन ९७७-१-४३६०४८६
इमेल landrights@csrcnepal.org

**सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इनभारोमेन्ट**
टेलिफोन ९७७-१-२००२२४९
इमेल mkoe@wlink.com.np

### महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने महासन्धि उपसमितिको समन्वयकर्ता

**महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडि)**
पोष्ट बक्स २६५३८
काठमाडौँ नेपाल
टेलिफोन ९७७-१-४२४२६८३
फ्याक्स ९७७-१-४२४०६२७
इमेल fwld@fwld.wlink.com.np
वेबसाइट www.fwld.org

सदस्यहरू

**महिला पुन:स्थापना केन्द्र (ओरेक)**
बालकुमारी, ललितपुर
टेलिफोन ९७७-१-५००६३७३/ ५००६३७४
इमेल ics@worecnepal.org, spm@worecnepal.org, vaw@worecnepal.org

**बियोन्ड बेजिङ कमिटी**
पुल्चोक, ललितपुर
टेलिफोन ९७७-१-५५३०८८०/ ५०१०६२५
इमेल beyondbeijing@wlink.com.np
info@beyondbeijing.org

**कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**
मानभवन, ललितपुर,
टेलिफोन ९७७-१-५५४३१११
इमेल lacc@wlink.com.np

**नेपाल तामाङ महिला घेदुङ**
अनामनगर, काठमाडौँ
टेलिफोन ९७७-१-४४२१९८४, ९७४११०९७०२, ९८०८४१२३५८
इमेल gr3pg@yahoo.com, gtpk2001@yahoo.com, tamangwomen@gmail.com

**माइती नेपाल**
पोष्ट बक्स ९५९९
८३-माइती मार्ग, पिङ्गलास्थान, गौशाला, काठमाडौँ
टेलिफोन ९७७-१-४४९२९०४
इमेल info@maitinepal.org, legal@maitinepal.org

**जागरण नेपाल**
१९७-सारस मार्ग, अनामनगर, काठमाडौँ
टेलिफोन ९७७-१-४२१९४३९, ४२१९४३९
इमेल info@jagarannepal.org

**महिला वेलफेर समाज**
टेलिफोन ९७७-१-४४१७३५५
इमेल wacn@mos.com.np

**नारी चेतना केन्द्र**
टेलिफोन ९७७-१-४४१७३५५
इमेल wacn@mos.com.np

**हिमराइट्स**
टेलिफोन ९७७-१-५५५५१११
इमेल himrights@wlink.com.np

### जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि उपसमितिको समन्वयकर्ता

**दलित गैरसरकारी संस्था महासङ्घ (डि.एन.एफ)**
पोष्ट बक्स ९१५२
काठमाडौँ, नेपाल
टेलिफोन र फ्याक्स ९७७-१-५५२७५५९
इमेल dnf@dnfnepal.org
वेबसाइट www.dnfnepal.org

**सदस्यहरू**

**जन उत्थान प्रतिष्ठान**
टेलिफोन ९७७-१-४७७११३६
इमेल jucn@wlink.com.np

**दलित सेवा सङ्घ**
टेलिफोन ९७७-१-४२२६५०८
इमेल dwo@wlink.com.np

**जागरण मिडिया सेन्टर**
टेलिफोन ९७७-१-४७८०५९७
इमेल info@jagaranmedia.org.np

**दलित महिला सङ्घ**
टेलिफोन ९७७-१-५२०९८२
इमेल dms@fedo.wlink.com.np

**लयर्स न्याशनल क्याम्पियन अगेन्स्ट अनटचेबिलिटी**
टेलिफोन ९७७-१-२०५१३२१
इमेल lancau@wlink.com.np

**नेपाल तामाङ घेदुङ**
टेलिफोन ९७७-१-४२४३९४०
इमेल ghedung@gmail.com

**लयर्स एसोसियसन फर ह्युमन राइट्स अफ नेपलिज् इन्डिजिनियस् पिपुल**
टेलिफोन ९७७-१-४२३११११
इमेल lahurnip@wlink.com.np

**दलित मानवअधिकार संस्था**
टेलिफोन ९७७-१-४२४३८२५
इमेल dhro@wlink.com.np

### यातना विरूद्धको महासन्धि उपसमितिको समन्वयकर्ता

**यातना पीडित सरोकार केन्द्र नेपाल (सिभिक्ट)**
पोष्ट बक्स ५८३९ बाँसबारी, काठमाडौँ।
टेलिफोन ९७७-१-४३७३९००/४३७३४८६
फ्याक्स ९७७-१-४३७३०२०
इमेल cvict@cvict.org.np
वेबसाइट www.cvict.org.np

सदस्यहरू

**एड्भोकेसी फोरम नेपाल**
टेलिफोन ९७७-१-४००४००७/८
इमेल info@advocacyforum.org.np

**जनअधिकार संरक्षण मञ्च**
टेलिफोन ९७७-१-६२०५२०१
इमेल pprnepal@pprnepal.org.np

### बालअधिकार महासन्धि उपसमितिको समन्वयकर्ता

**चाइल्ड नेपाल**
पोष्ट बक्स २१८२९
चाबहिल, काठमाडौँ, नेपाल
टेलिफोन ९७७-१-४४६००८०/ ६२१७५२८)
इमेल cn@childnepal.org/ crcsecretariat@childnepal.org
वेबसाइट www.childnepal.org

सदस्यहरू

**सिविन नेपाल**
टेलिफोन ९७७-१-४२८२२५५
इमेल cwin@mos.com.np

**बालबालिका तथा वातावरण सरोकार-नेपाल (कन्सर्न)**
टेलिफोन ९७७-१-४२८०७५४/ ४२८२८०९
इमेल concern@mos.com.np

**समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)**
टेलिफोन ९७७-१-४७८४५४५/ २०६१२१३
इमेल info@cwish.org.np

**पार्टनरशिप नेपाल**
टेलिफोन ९७७-१-४४८५७६२/ ०१६२२२८१४
इमेल partnership@wlink.com.np

**शिक्षा पत्रकार समुह**
टेलिफोन ९७७-१-४४३०५८४/ ४४३४८२९
इमेल info@ejg.org.np

**भ्वाइस अफ चिल्ड्रेन**
टेलिफोन ९७७-१-५५४८६१९/ ५५४८०१८
इमेल director@voiceofchildren.org.np

**चाइल्ड राइट्स सेन्टर**
काठमाडौँ स्कूल अफ ल
टेलिफोन ९७७-१-६६३४४५५/ ६६३४६६३
इमेल info@ksl.edu.np

**युसेप नेपाल**
टेलिफोन ९७७-१-६६३०३८८/ ६६३१२७९
इमेल info@ucep.org.np

**शक्ति समूह**
टेलिफोन ९७७-१-४४८५२३८/ ६२१२१६८
इमेल shaktisamuha.nepal@gmail.com

### सबै आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय महासन्धि उपसमितिको समन्वयकर्ता

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
पोष्ठ बक्स १३२३३
ललितपुर, नेपाल
टेलिफोन ९७७-१-५००६३७३
फ्याक्स ९७७-१-५००६२७१
इमेल ics@worecnepal.org
वेबसाइट www.worecnepal.org

सदस्यहरू

**महिला कानुन तथा विकास मञ्च (एफडब्लूएलडि)**
टेलिफोन ९७७-१-४२४२६८३
इमेल fwld@fwld.wlink.com.np

**युवा कार्य नेपाल**
टेलिफोन ९७७-१-६२१५५८०
इमेल Youthactionnepal@ntc.net.np

**सिभिक कन्सर्न नेपाल**
टेलिफोन ९७७-१-४१११५९०८
इमेल civicconcern@wlink.com.np

**पपुलेसन वाच**
टेलिफोन ९७७-१-५५३१८९६
इमेल info@popwatch.org.np

### अपाङ्गता भएको व्यक्तिको अधिकारको महासन्धि उपसमितिको समन्वयकर्ता

**राष्ट्रिय अपाङ्ग महासङ्घ मृकुटीमण्डप (एनएफडिएन)**
**काठमाडौँ**, पोष्ट बक्स ९१८८
टेलिफोन ९७७-१-४२३११५९
फ्याक्स ९७७-१-४२२९५२२
इमेल info@nfdn.org.np
वेबसाइट www.nfdn.org.np

सदस्यहरू

**नेपाल अपाङ्ग महिला सङ्घ**
कालोपुल, काडमाडौँ
टेलिफोन ९७७-१-४४३५१३१

**नेपाल अपाङ्ग सङ्घ**
भृकुटी मण्डप, काठमाडौँ
टेलिफोन ९७७-१-४२३११५९
**नेपाल मानवअधिकार केन्द्र**
चुच्चेपाटी

**राष्ट्रिय शारिरीक अपाङ्ग सङ्घ, नेपाल, ललितपुर**
टेलिफोन ९७७-१-५५५१९२८

**नेपाल अपाङ समाज**
टेलिफोन ९८४१७०२३८७

**नेपाल नेशनल फेडेरेशन अफ द डेफ एण्ड हार्ड हियरिङ**
कमलपोखरी, काठमाडौँ
टेलिफोन ९७७-१-४४२६१६८

**सचिवालय**

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेभसाइट: www.insec.org.np, www.inseconline.org

# मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

## एक परिचय